९८५८०३८१७८ /९८४९२६३५२८

चामुण्डाविन्द्रासैनी नगरपालिका

# नगरकार्यपालिकाको कार्यालय

जगन्नाथ, दैलेख

पत्र संख्या २०७८/०७९( रोजगार सेवा केन्द्र) कर्णाली प्रदेश, नेपाल

च.नं.

## प्राविधिक सहायक करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना ।

(दोस्रो पटक सूचना प्रकाशित मिति :- २०७८/१०/२८)

प्रस्तुत विषयमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय (प्रधानमन्त्री रोजगार कार्यक्रम) प.सं.२०७८/०७९, च.नं. PMEP/ १४४, मिति २०७८/०८/२६ गतेको पत्रानुसार यस चामुण्डा विन्द्रासैनी नगरपालिकामा सञ्चालित रोजगार सेवा केन्द्रको लागि आवश्यक पर्ने प्राविधिक सहायक प्रथम पटक २०७८।१०।०३ गते सूचना प्रकाशित अवधिमा प्रतिस्पर्धा गराउन आवश्यक संख्या नपुगेकोले उक्त पद करारमा पदपूर्तिका लागि निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले ७ दिनभित्र माग बमोजिमका विवरण र राजश्व तिरेको रसिद सहित स्वयम कार्यालयमा उपस्थित भएर वा कार्यालयको इमेलको माध्यमवाट समेत निवेदन दिन सकिने व्यहोरा अनुरोध छ ।

| क्र.सं. | विज्ञापन नं. | पद | तह | संख्या |
|---|---|---|---|---|
| १ | ०२/२०७८-०७९ | प्राविधिक सहायक | स्थानीय सेवाको पाँचौं तह सरह | १ |

**१. आवश्यक न्यूनतम योग्यता र अनुभव**

क) सिभिल इन्जिनियरिङ्गमा प्रविणता प्रमाणपत्र तह वा ओभरसियर वा डिप्लोमा तह उतिर्ण भएको

ख) **अनुभव र सीप** : प्राविधिक सहायकमा देहायका अनुभव र सीप आवश्यक पर्नेछ :-

- कम्तीमा ६ महिने तालिम लिई आधारभूत कम्प्युटर सीप भएको,
- पूर्वाधारको निर्माण र मर्मतका लागि आयोजनाको लागत अनुमान, सुपरीवेक्षण र अन्तिम विवरण तयार गर्न सक्ने र विश्लेषण गर्न सक्ने, आयोजनाको लक्ष्य र परिणाम हासिल गर्न टोलीमा काम गरेको अनुभव, पारस्परिक सम्बन्ध सम्बन्धी सीप सहित कम्तीमा १ बर्षको अनुभव भएको ।

ग) **उमेर** :- कम्तीमा १८ वर्ष पुरा भई ४५ बर्ष ननाघेको ।

२. **दरखास्त दिने स्थान** :- चामुण्डा विन्द्रासैनी नगरपालिकाको कार्यालय दैलेख वा कार्यालयको वेवसाइट www.chamundabindrasainimun.gov.np वाट दरखास्त फारम डाउनलोड गरि उक्त फारम भरि कार्यालयको इमेल ito.chamundabindrasainimun@gmail.com मा समेत पठाउन सकिने छ ।

३. **दरखास्त दिने अन्तिम मिति** :- २०७८/११/०५ गते कार्यालय समय भित्र ।

४. **आवेदनको दस्तुर** :- रु. ५००/- (पाँच सय रुपैया मात्र)

५. **छनौटको किसिम** :- प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन र लिखित परीक्षा

६. **आवेदन साथ संलग्न कागजातहरु** :- आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिमको प्रतिलिपिहरु

- नागरिकता प्रमाणपत्र ,न्युनतम योग्यताको लब्धाङ्क प्रमाणपत्र,चारित्रिक प्रमाण पत्र ,अनुभव खुल्ने कागजात
- २ प्रति पासपोर्ट साईजको फोटो

७.**आवेदन दस्तुर बुझाउने प्रक्रिया** : कार्यालय स्वयम उपस्थित हुन नसकेको खण्डमा नेपाल एस.वि.आई बैंक चामुण्डा शाखामा रहेको चामुण्डाविन्द्रासैनी नगरपालिकाको आन्तरिक राजश्व खाता नं. ४१२९५२४१२०७००४ मा रकम बुझाई बैंक भौचर पेश गर्नुपर्ने छ ।

८. **सेवा सुविधा** :- नगरपालिकामा प्राविधिक सहायक पदपूर्ति सम्बन्धी प्रक्रियाको दफा (११), (१२) र (१३) बमोजिम हुनेछ।

९. **पदले सम्पादित गर्नुपर्ने कार्यविवरण** :- नगरपालिकामा प्राविधिक सहायक पदपूर्ति सम्बन्धी प्रक्रिया को दफा (९) बमोजिम हुनेछ ।

...............................

श्याम बहादुर रावत

नि. प्रमुख प्रशासकीय अधिकृत